# बस्ती स्थानान्तरण सम्बन्धी केन्द्रीय कार्यान्वयन सहजिकरण तथा अनुगमन समितिको मिति २०७२/०३/१६ को निर्णयहरु

१. जोखिमयुक्त भूकम्प प्रभावित क्षेत्रका वासिन्दाहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने सम्बन्धी नेपाल सरकार (मन्त्रिपरिषद्) मिति २०७२।०३।१५ को निर्णय बमोजिम गठित केन्द्रीय कार्यान्वयन सहजीकरण तथा अनुगमन समितिका सदस्यहरुमा अर्थ, वन तथा भू-संरक्षण र भूमिसुधार मन्त्रालयका सचिवलाई समेत समावेश गर्ने ।

२. जिल्ला दैवी प्रकोप उद्धार समितिले बस्ती स्थानान्तरणका लागि निम्न बमोमिका विषयहरु समावेश गरी १५ दिन भित्र कार्यसम्पन्न हुने गरी कार्ययोजना बनाई मिति २०७२।०३।१७ गतेसम्ममा गृह मन्त्रालयमा उपलब्ध गराउने र कार्ययोजना बमोजिमको कार्य तत्काल सुरु गर्ने ।

(क) अस्थायी बस्ती स्थानान्तरण गर्नुपर्ने गा.वि.स./स्थान र स्थानान्तरण गर्नुपर्ने परिवार संख्या र जनसंख्या एकिन गर्ने,

(ख) अस्थायी बस्ती स्थानान्तरण हुने पहिचान भएका स्थान को विवरण र प्रत्यका स्थानमा स्थानान्तरण गर्न सकिने परिवार संख्या,

(ग) अस्थायी आश्रयस्थल निर्माण गर्न आवश्यक त्रिपाल/टेण्ट/जस्तापाता जस्ता सामग्रीको अनुमानित आँकलन, हाल जिल्लामा रहेको मौज्दात र नपुग हुने सामग्री समेतका आधारमा लाग्ने अनुमानित वजेट,

(घ) अस्थायी बस्ती स्थानान्तरणका लागि अस्थायी आवास लगायतका आवश्यक प्रबन्ध गर्दा लाग्ने आवश्यक प्राविधिक, सुरक्षा लगायतका जनशक्तिको प्रक्षेपण, जिल्लामा उपलब्धता र नपुग हुने जनशक्ति निकायगतरुपमा उल्लेख गर्ने ।

३. बस्ती स्थानान्तरणका लागि अस्थायी आश्रयस्थल निर्माण गर्दा र सोको व्यवस्थापन गर्दा लाग्ने सम्पूर्ण खर्च जिल्ला दैवी प्रकोप उद्धार कोषबाट व्यहोर्ने । सोको लागि लाग्ने जनशक्ति बाहेकको वजेट जिल्ला दैवी प्रकोप उद्धार कोषले केन्द्रीय दैवी प्रकोप उद्धार कोषसँग माग गर्ने ।

४. उक्त स्थानान्तरित बस्तीमा शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, बाटोघाटो, विद्युत लगायतको व्यवस्था मिलाउन विषयगत मन्त्रालयहरुले मातहतका निकायलाई निर्देशन दिने र जिल्लाको माग बमोजिमको श्रोत, साधन र जनशक्ति तत्काल उपलब्ध गराउने । सो कार्यका लागि आवश्यक रकम सम्वन्धित कार्यालयको विनियोजित वजेटबाट खर्च गर्ने । सो सम्भव नभएमा जिल्ला दैवी प्रकोप उद्धार कोषबाट खर्च व्यहोर्ने ।